नेपाल राष्ट्र बैंक

# मुद्रा व्यवस्थापन विभाग

थापाथली

## परिवहन साधन भाडामा लिने बारे शिलवन्दी बोलपत्रको सूचना

(प्रथम पटक प्रकाशित मिति २०६६।३।१३)

बोलपत्र आईपुग्नु पर्ने अन्तिम म्यादः- २०६६।४।१२, अपरान्ह १२:०० वजेसम्म ।
बोलपत्र खोल्ने मितिः- २०६६।४।१२ समयः- दिनको २:०० वजे

नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागबाट विभिन्न जिल्लास्थित रहेका नोटकोषहरुमा आ.व. २०६६।६७ मा तोडा चलान (Fund Transfer) गर्ने कार्यका लागि बैंकले तोकेको स्थानहरुमा वस तथा ट्रक भाडामा लिनु पर्ने भएकोले भाडामा दिन इच्छुक फर्म/कम्पनीहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन भित्र यस विभागमा आईपुग्ने गरी गोप्य शिलवन्दी बोलपत्र (Sealed Tender) आव्हान गरिन्छ ।

१. बोलपत्र पेश गर्नेले बोलपत्रको साथमा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी तथा आ.व. २०६४।६५ सम्मको कर चुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको प्रमाण पत्रको प्रतिलिपी समेत संलग्न गर्नु पर्नेछ ।

२. बोलपत्र पेश गर्दा बोलपत्र पेश गर्नेले आफूले बोलपत्रमा कबुल गरेको कुल रकमको कम्तीमा ५ प्रतिशतले हुन आउने रकममा नघटाई नेपाल राष्ट्र बैंक, थापाथलीमा सा.हि.नं.१० मा जम्मा गरेको सक्कलै भौचर वा यस बैंकबाट इजाजत पत्र प्राप्त बैंक वा वित्तीय संस्थाले कम्तिमा ९० दिन अवधिको लागि जारी गरेको सो रकम बरावरको बैंक ग्यारेण्टि पेश गर्नु पर्नेछ ।

३. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म दिनको २:३० वजेभित्र नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, थापाथली र टक्सार महाशाखा, सुन्धारा, काठमाडौंबाट रु. ५,०००।- (रु.पाँच हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ ।

४. प्राप्त बोलपत्र स्वीकार गर्ने, नगर्ने तथा बोलपत्र पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस बैंकमा रहनेछ ।

५. बोलपत्र पेश गर्ने तथा खोलिने दिनमा सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्नेहरुको रोहवरमा नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, थापाथलीमा बोलपत्र खोलिने छ तर बोलपत्र पेश गर्ने वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

६. बोलपत्रको अनुमानित लागत रु. १४,३७,५००।- (रु.चौध लाख सैंतिस हजार पाँच सय मात्र) रहेको छ ।

७. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ यस सम्बन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, थापाथली, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ ।

नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग